# युवा टोल विकास संस्था संचालन कार्यविधि २०७६

स्विकृत मिति :२०७६।०९।०६

## म्याङ्लुङ नगरपालिका,तेह्रथुम

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७६।०९।०६

**प्रस्तावना :**

सामुदायिक प्रयासमा टोलको संस्थागत,सामाजिक तथा आर्थिक विकास, स्थानीयस्तरमा सुशासन प्रवद्र्धन गर्न नगरपालिकाको सहरी तथा ग्रामिण बस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरीका युवाहरू सदस्य रहने गरी स्थानीय श्रोत, साधन र मानव श्रोतको उपयोग गरी जीवनस्तर उकास्ने साथै आफ्नो ठाउँको समस्याहरुको समाधान आफूबाटै समाधान गर्ने र आफूबाट समाधान गर्न नसकेमा सम्बन्धित निकायसम्म आफ्ना समस्या पुर्याई समाधान गर्न सक्ने सक्षम नागरिक बनाउने अभिप्रायले युवा टोल विकास संस्था गठन गर्न आवश्यक देखिएकोले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो युवा टोल विकास संस्था संचालन कार्यविधि २०७६ तयार परिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यस कार्यविधिको नाम म्याङ्लुङ नगरपालिकाको युवा टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७६ रहेको छ ।

१.२ यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२.परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा :**

(क) "युवा टोल विकास संस्था" भन्नाले कुनै निश्चित वडा समुदायको सबै घरधुरीका युवाहरुलाई समेटेर गठन गरिएको संस्थालाई सम्झनुपर्छ ।

(ख) "नगरपालिका" भन्नाले म्याङ्लुङ नगरपालिकालाई सम्झनुपर्छ ।

(ग) "वडा कार्यालय" भन्नाले म्याङ्लुङ नगरपालिकाको वडा कार्यालयहरुलाई सम्झनुपर्छ

(घ) "कार्यविधि" भन्नाले युवा टोल विकास संस्था सञ्चालन कार्यविधि २०७६ लाई सम्झनुपर्छ ।

(ङ) "कार्य समिति" भन्नाले युवा टोल विकास संस्थाको कार्य समितिलाई सम्झनु पर्छ ।

(च) "अध्यक्ष" भन्नाले युवा टोल विकास संस्थाको अध्यक्षलाई सम्झनु पर्छ ।

(छ) "उपाध्यक्ष" भन्नाले युवा टोल विकास संस्थाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(ज) "सचिव" भन्नाले युवा टोल विकास संस्थाको सचिवलाई सम्झनु पर्दछ ।

(झ) "कोषाध्यक्ष" भन्नाले युवा टोल विकास संस्थाको कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

(ञ) "सदस्य" भन्नाले युवा टोल विकास संस्थाको सदस्यलाई सम्झुपर्छ र सो शब्दले टोल क्षेत्रभित्र वसोवास गर्ने घरमूली वा घरको प्रतिनिधित्व गरी टोलविकास संस्थामा आवद्ध हुने सम्पूर्ण घरधुरीलाई समेत सम्झनु पर्दछ ।

(ट) "पदाधिकारी" भन्नाले युवा टोल विकास संस्थाको कार्यसमितिका सबै सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ठ) "सभा" भन्नाले प्रत्येक वर्षमा हुने युवा टोल विकास संस्थाको साधारण सभालाई सम्झनुछ र यसले समय समयमा हुने विशेष साधारण सभालाई समेत सम्झनु पर्दछ ।

(ड) "उप समिति" भन्नाले कार्यविधि बमोजिम गठन भएका विभिन्न उपसमितिहरुलाई सम्झनुपर्छ

**३. युवा टोल विकास संस्था गठन गरिने स्थान :**

(क) नगरपालिका क्षेत्रभित्रको सवै वडाका प्रत्येक घरपरिवार समेटिने गरी १६ देखि ४० वर्ष उमेर समुहका युवाहरुको

आम भेलावाट एउटा वडामा वढिमा दुई वटा सम्म युवा टोल विकास संस्था गठन गरिनेछ ।

(ख) नगरपालिकाले आवश्यक ठानेमा कुनै पनि वडाको कुनै पनि क्षेत्रमा विशेष टोल विकास संस्था गठन गर्न सक्नेछ ।

(ग) नगरपालिकाले आवश्यक ठानेमा वडा तथा वस्ति स्तरमा गठित युवा टोल विकास संस्थाहरुको प्रतिनिधित्व रहने गरि नगर स्तरिय युवा सञ्जाल समेत गठन गर्न सक्नेछ

**४.युवा टोल विकास संस्थाको कार्यक्षेत्र र सिमाना :**

क) कुनै पनि युवा टोल विकास संस्थाको कार्य क्षेत्र र सिमाना नगरपालिकाले तोकेको सिमानाअनुसार हुनेछ ।

ख) युवा टोल विकास संस्थाको क्षेत्रफल ठुलो वा धेरै घर संख्या भएमा भौगोलिक, धार्मिक, सॉस्कृतिक आदिलाई आधार मानी एउटा वा एकभन्दा बढी टोल विकास संस्था गठन गर्न सकिने छ ।

**५. युवा टोल विकास संस्थाको कार्य :**

टोल विकास संस्थाको कार्यक्षेत्र निम्न अनुसार रहनेछ ।

**(क) भौतिक पूर्वाधार विकास कार्य :**

१. सडक तथा ढल प्रणालीलाई व्यवस्थित गर्ने ।

२. सडक तथा गल्ली बाटोहरुको सुधार कार्यहरु गर्ने ।

३. चर्पी, फोहोरमैला व्यवस्थापन प्रणाली सुधार कार्य गर्ने ।

४. खानेपानी तथा सरसफाई प्रणालीको विस्तार र स्तर उन्नतिको कार्य गर्ने ।

५. सामुदायिक भवन लगायतका आधारभूत भैतिक पूर्वाधार विकास कार्य गर्ने ।

६. टोलको भौतिक पूर्वाधारका विकास निर्माण कार्यमा सकृयताका साथ एक जुट हुने ।

७. नगरपालिकाको भौतिक पूर्वाधार सम्बन्धी नीति, कार्यक्रम र योजनाहरुलाई कार्यान्वयन गर्न सहयोग गर्ने ।

**(ख) सामाजिक कार्य :**

१. स्वास्थ्य तथा वातावरणीय सरसफाई आदि सम्बन्धित विषयमा जनचेतना अभिवृद्धि गर्ने ।

२. टोलमा रहेको विपन्नहरुको पहिचान गरी उनीहरुलाई स्वरोजगार र आयमूलक तालिम प्रदान गर्ने

३. टोलको विपन्न तथा वञ्चितीमा परेका टोलबासीहरुको क्षमता अभिवृद्धि गर्ने ।

४. लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा जोड दिने ।

५. टोलमा रहेका विकृतिहरुको पहिचान गर्ने र सोको उन्मूलनका कार्यक्रमहरु सञ्चालन गर्ने ।

६. टोल स्तरमा शिक्षा, स्वास्थ्य र पर्यटनका कार्यक्रमहरु सञ्चालन गर्ने ।

७. नगरपालिकाको सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न सहयोग गर्ने ।

**(ग) अन्य विविध कार्य :**

१. टोल तथा वस्तीस्तरमा बिभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलबासीको पहुँच अभिवृद्धि गर्ने ।

२. टोलबासीहरुमा उद्यमशीलताको विकास गराई टोलस्तरमा लघु उद्यमको सिर्जना, विकास र प्रवद्र्धन गर्ने ।

३. टोलमा समानता, समता, सद्भाव, समझदारी, समन्वय र मेलमिलापको माध्यमबाट शान्ति कायम गराउने ।

४. आर्थिक, सामाजिक सवालमा सबै टोलबासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर, अधिकार प्रदान गर्ने ।

५. टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिने ।

६. टोलमा विभिन्न निकायहरुबाट सञ्चालन हुने विकास कार्यमा सहयोग गर्ने ।

७. टोलको लागि नगरस्तरीय तथा वडास्तरीय योजना छनौट प्रकृयामा टोलबासीहरुलाई सहभागी गराउने ।

८. टोलका सदस्यहरुमा गरिवीलाई निश्चित आधारमा वर्गीकरण गरी तिनीहरुको अभिलेख तयार गर्ने

**६. गठन विधिः**

युवा टोल विकास संस्थाको गठन देहाय बमोजिम हुनेछ :

१. नगरपालिका क्षेत्र भित्रका वस्तीहरुको निश्चत भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका युवाहरुवाट टोल विकास संस्थाको गठन गरिनेछ ।

२. पहिलो पटकका लागि युवा टोल विकास संस्थाको व्यापक भेलाबाट युवा टोल विकास समितिको कामलाई व्यवस्थित गर्न अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ । तर दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पुनर्गठन हुनेछ ।

३. टोल विकास कार्य समितिको अवधि २ वर्षको हुनेछ । एक पटक अध्यक्ष,उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुनः सोही पदमा लगतै दुई वर्षको अवधि पूरा नभई नियुक्त हुने छैन ।

४. युवा टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका युवा रहेको सम्पूर्ण घरधुरीलाई एक सदस्यको रुपमा समेटनुपर्दछ । सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई युवा टोल विकास संस्था गठन गरिनेछ ।

५. महिला, दलित, अपाङ्ग, अल्पसंख्यक, विपन्न, एकल महिला आदिको सहभागिता हुनेगरी लैंगिक समानता र सामाजिक समावेशीकरणमा जोड दिईने हरेक क्षेत्रबाट प्रतिनिधित्व हुने गरी कार्यसमिति गठन गर्नुपर्नेछ ।

**६. युवा टोल विकास संस्थाको कार्यसमितिको पदाधिकारीहरुको संख्या**

| | | |
|---|---|---|
| (१) | अध्यक्ष | १ |
| (२) | उपाध्यक्ष | १ |
| (३) | कोषाध्यक्ष | १ |
| (४) | सचिव | १ |

(५)सदस्य आवश्यकता अनुसार २१ देखि बढीमा ३५ जना सम्म ।

**७. दर्ता सूचिकृतः**

युवा टोल विकास संस्थाको दर्ता /सूचिकृत देहाय बमोजिम हुनेछ ।

१. युवा टोल विकास संस्थाको बैठकमा सर्वसम्मत निर्णय गराई म्याङ्लुङ नगरपालिकामा दर्ता वा सूचिकृतका लागि निवेदन पेश गर्नु पर्नेछ । निवेदन साथ विधान र उक्त युवा टोल विकास संस्थामा आबद्ध सदस्यहरुको नामावली समेत पेश गर्नु पर्ने छ।नगरपालिकामा पेश गर्ने निवेदनको ढाँचा अनुसूची १ र युवा टोल विकास संस्थाको विधान अनुसूची २ मा उल्लेख भए बमोजिम हुनेछ ।

२. माथि नं. १ अनुसार निवेदन प्राप्त भएपछि नगरपालिकाले युवा टोल विकास संस्था दर्ता गरी प्रमाण पत्र प्रदान गर्नु पर्ने छ । त्यसरी प्रदान गरिने प्रमाण पत्रको नमुना अनुसूची ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

३. युवा टोल विकास संस्थाले यस कार्यविधि बमोजिमका उद्देश्य विपरीत कुनै काम गरेमा वा प्रचलित कानून विपरीतका काम गर्न खोजेमा कानून बमोजिम नगरपालिकाले खारेज गर्न सक्नेछ। दर्ता खारेज भएपछि सो स्थानमा नयाँ टोल

विकास संस्था गठन हुनेछ ।

**८. युवा टोल विकास संस्थाको कामः**

टोल विकास संस्थाले आफनो टोल क्षेत्रको समग्र विकास र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछ ।

१. वडामा जुनसुकै प्रकारका भेदभावको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने,

२. सरकारी एवम् गैर सरकारी निकायहरुसँग सुमधुर सम्बन्ध स्थापित गरी टोलको विकासको लागि सहजीकरण गर्ने,

३. वडामा उद्यम विकाससँग सम्बन्धित योजनाहरु सञ्चालन गर्न आवश्यक सहजीकरण गर्ने ,टोलमा उद्यम व्यवसाय तथा आयमुलक क्रियाकलाप सञ्चालनका लागि घुम्ति कोषको स्थापपना तथा परिचालन गर्ने ।

४. वडाको विकासका लागि विभिन्न स्रोतबाट प्राप्त स्रोतको उच्चतम् सदुपयोग गर्ने,

५. टोलको सामूहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल विकास योजना तर्जुमा गर्ने,

६. समाजमा रहेका विद्यमान पराम्परागत सामाजिक संस्कार र कुरीतिहरुको पहिचान गरी त्यस्ता असामाजिक क्रियाकलापको नियमन र नियन्त्रण गर्ने र त्यसका विरुद्ध जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,

७. वस्ति तथा वडाको आर्थिक तथा सामाजिक तथ्याङ्क अद्यावधि गर्न सूचना अभिलेख राख्ने ,

८. सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरुको पहिचान गरी वडामा सिफारिस गर्ने,

९. वस्ति तथा वडामा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुवाट प्राप्त योजनाहरुको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,

१०. वस्ति तथा वडामा विभिन्न सरकारी तथा गैरसरकारी संस्था मार्फत प्राप्त हुने कार्यक्रमहरु युवा टोल विकास संस्था मार्फत सञ्चालन हुने वातावरण सिर्जना गर्ने ,

११.आफ्नो वडा तथा टोललाई बाल मैत्री तथा वातावरणमैत्री वनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने,

१२.वडामा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता आदि सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,

१३. वडामा रहेका सार्वजनिक, ऐलानी आदि जग्गाको संरक्षणमा वडा कार्यालयलाई सहयोग गर्ने,

१४.नगरपालिकाको राजस्व परिचालनका लागि सहयोग प्रदान गर्ने,

१५ संस्थामा प्राप्त रकमको संस्थाको नीति बमोजिम रकम खर्च गर्ने, लेखा राख्ने र लेखापरीक्षण गराउने,

१६. वडा कार्यालयसँग भएको समझदारी अनुसारका अन्य कार्यहरु ।

**९. युवा टोल विकास संस्थाको कार्य समितिको बैठकः**

युवा टोल विकास संस्थाको कार्य समितिको बैठक व्यवस्थापन देहाय वमोजिम हुनेछ :

१. युवा टोल विकास संस्थाको कार्य समितिको बैठक महिनामा कम्तीमा १ पटक बस्नेछ ।

२. समितिको बैठकमा नगरपालिका र वडाका प्रतिनिधिहरु लगायत अन्य सरोकारवालाहरु लाई आमन्त्रित गर्न सकिनेछ ।

३. सचिवले संस्थाको बैठकको निर्णयहरु बैठक पुस्तिकामा लेखी प्रमाणित गराउनु पर्नेछ ।

४. बैठकवाट कुनै निर्णय गर्दा सकेसम्म सर्व सम्मत गर्नु पर्नेछ ।

**१०. काम, कर्तव्य र अधिकार :**

युवा टोल विकास संस्थाका कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

**क) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

१. संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

२. बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।

३. बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

४. छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५. विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

६. संस्थाले आर्जन प्रप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।

७. विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने ।

८. कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

**ख) संस्थाको उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१.अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने सवै काम गर्ने ।

**ग) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार :**

१. अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।

२. एकतिहाइ सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने ।

३. छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।

४. संस्थाको क्रियाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने ।

५ तोकिएका अन्य कार्य गर्ने ।

**(घ) संस्थाको कोषध्यक्षको काम, कर्तव्य र अधिकार :**

१. संस्थाको आम्दानी र खर्चको विवरण राख्ने ।

२. खर्चको लेखापरीक्षण गराउने ।

३. बैंकमा खाता सञ्चालन गर्दा संयुक्त रुपमा खाता सञ्चालन गर्ने ।

४. संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(ङ) संस्थाका सदस्यको काम, कर्तव्य र अधिकार :**

१.नगरपालिका वा वडा कार्यालयसंग भएको साझेदारीपत्रमा उल्लेखित सर्तअनुसार गर्नुपर्ने कामहरु गर्ने ।

२. संस्थाको हिसाब कीताब जाँच गर्ने ।

३. संस्थाका पदाधिकारीहरुले गरेका कामको मूल्याङ्कन नियमित रुपमा गर्ने ।

४. आवश्यकता अनुसार संस्था सञ्चालनका लागि नीति, नियम र योजनाहरु बनाई लागू गर्ने ।

५. आवश्यकता अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षहरुलाई सहयोग गर्ने ।

६. तोकिएका अन्य कार्यहरु गर्ने ।

**११. आर्थिक व्यवस्थापन :**

संस्थाको आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछ :

**(क) युवा टोल विकास संस्थाको आम्दानी :**

१. टोल सदस्यहरुबाट प्राप्त सदस्यता शुल्क

२. विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, तथा व्यक्तिहरुबाट प्राप्त हुने अनुदान ।

३. युवा टोल विकास संस्थाले आयमूलक कार्यहरु सञ्चालन गरी प्राप्त हुने आम्दानी ।

४. संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रुपमा टोल विकास संस्थाको आम्दानीको निश्चित प्रतिशत संस्थाको निर्णयनुसार छुटयाउने रकम ।

५. संस्थाले अन्य स्रोतबाट जम्मा गरेको रकम ।

**(ख) युवा टोल विकास संस्थाको खर्च :**

१. संस्थाको विकास निर्माणका लागि युवा टोल विकास कोषको रकम संस्थाको निर्णयानुसार खर्च हुनेछ ।

२. संस्थाका खर्चहरु युवा टोल विकास संस्थाको निर्णयानुसार खर्च हुनेछ ।

**(ग) युवा टोल विकास संस्थाको नाफा :**

१. युवा टोल विकास संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाको नाफा मानिनेछ ।

२. नाफा संस्थाको निर्णय अनुसार युवा टोलको विकासका लागि खर्च गरिनेछ ।

**(घ) युवा टोल विकास संस्थाको लेखा :**

(अ) कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण,संस्थाको सञ्चालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको स्पष्ट लेखा राख्नुपर्दछ ।

(आ) कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब युवा टोल विकास संस्थाको बैठकमा पेश गर्नुपर्दछ ।

**(ङ) युवा टोल विकास संस्थाको खाता खोल्ने र सञ्चालन :**

संस्थाको खाता नगरपालिकाको सिफारिसमा म्याङ्लुङ नगरपालिका स्थित कुनै पनी बैंकमा खोल्न सिकने छ र सो खाताको सञ्चालन संस्थाको अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ ।

**(च) युवा टोल विकास संस्थाको लेखापरीक्षणः**

१ संस्थाले नियुक्त गरेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ ।

२ आवश्यकता अनुसार नगरपालिकाले पनि संस्थाको आम्दानी खर्चको लेखापरीक्षण गर्न सक्नेछ ।

३ संस्थाले आफनो वार्षिक लेखापरीक्षण प्रतिवेदन सम्बन्धित वडाकार्यालयमा समेत पेश गर्नुपर्छ ।

**१२. युवा टोल विकास संस्थाको अनुगमन तथा मूल्याङ्कन :**

युवा टोल विकास संस्थाको अनुगमन तथा मूल्याङ्कन वडा समिति र नगरपालिकाले गर्नेछ ।

**१३. संस्थागत विकासः**

युवा टोल विकास संस्थाहरुको संस्थागत विकासका लागि वडाहरुमा गठित सबै युवा टोल विकास संस्थाहरुको प्रतिनिधित्व हुने गरी नगर स्तरीय नगर युवा टोल विकास संस्था सञ्जाल समेत गठन गरीनेछ ।

**१४. विविध**

(क) यो कार्यविधि प्रचलित नेपालको ऐन कानूनहरुसँग बाझिएमा बाझिएका बुँदाहरु स्वतः खारेज हुनेछन् ।

(ख) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधाअड्चन आएमा नगर कार्यपालिकाको निर्णयानुसार बाधा अडकाउ फुकाउ हुनेछ ।

## अनुसूची-१
## युवा टोल विकास संस्था दर्ता गर्ने निवेदनको नमूना

मिति-……………..

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू
म्याङलुङ नगर कार्यपालिकाको कार्यालय
म्याङलुङ,तेह्रथुम

विषय-युवा टोल विकास संस्था दर्ता गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस नगरपालिका अन्तरगत वडा नं. ……को………………………टोलमा गठन गरिएको ………………………….युवा टोल विकास संस्थालाई म्याङलुङ नगरपालिकाको कार्यालयमा दर्ता/सुचिकृत गरिदिनुहुन अनुरोध गर्दछु । यस …………………युवा टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्ला भित्र सिमित रहनेछ ।

पुर्व सिमाना ………………
उत्तर सिमाना……………..
पश्चिम सिमाना…………..
दक्षिण सिमाना …………..

निवेदक

……………………..
अध्यक्षको नाम -
युवा टोल विकास संस्थाको नाम -
ठेगाना -

अनुसूची -२

............................ युवा टोल विकास संस्थाको विधानको नमूना

**प्रस्तावना :**

स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै नगरको सामाजिक तथा आर्थिक व्यवस्थालाई एकअर्काको परिपुरकको रुपमा विकसित गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान, सहभागितामुलक योजना तर्जुमा गर्ने तथा आफनो टोलको समग्र विकास गर्ने वेरोजगार युवाहरुलाई उद्यमशिलता तर्फ उन्मुख गराई आयमुलक क्रियाकलापहरुमा समाहित गर्दै नगरको समग्र विकासमा टेवा पुर्याउन यो ....................युवा टोल विकास संस्थाको स्थापना गरी संचालन गर्न वान्छनिय भएकोले यो विधान बनाईएको छ ।

**१.प्रारम्भिक :**

संक्षिप्त नाम र प्रारम्भ :

क) यो विधान .................... युवा टोल विकास संस्थाको विधान हुनेछ ।

ख) यो संस्थाको नाम ............. युवा टोल विकास संस्था हुनेछ ।

ग) यो विधान ........................ युवा टोल विकास संस्थाको साधारण सभाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

घ) यस संस्थाको कार्यालय .............. मा हुनेछ ।

(ङ) यस संस्थाको सिमाना देहाय बमोजिम हुनेछ :

पूर्व................ पश्चिम.......................

उत्तर................... दक्षिण .......................

**२.परिभाषा :**

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :

१."संस्था" भन्नाले ................ युवा टोल विकास संस्थालाई सम्झनु पर्दछ ।

२."विधान" भन्नाले ............ युवा टोल विकास संस्थाको विधानलाई सम्झनु पर्दछ ।

३."साधारण सभा" भन्नाले संस्थाको साधारण सदस्यको भेलालाई सम्झनु पर्दछ ।

४."समिति" भन्नाले युवा टोल विकास संस्थाको कार्यसमिति सम्झनु पर्दछ ।

५."बैठक" भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्दछ ।

६."पदाधिकारी" भन्नाले कार्यसमितिका अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यलाई सम्झनु पर्दछ ।

**३.संगठित संस्था हुने :**

क) संस्थाको आफनै छुटै छाप हुनेछ । साथै संस्थाले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ ।

ख) संस्थाले चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ । तर संस्थाले आफ्नो अचल सम्पत्ति विक्रि गर्न भने पाउने छैन । संस्था विगठन भए सो संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति नगरपालिकामा हस्तान्तरण हुनेछ ।

**४. संस्थाको उद्देश्यहरु :**

संस्थाको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उद्देश्य हुनेछ :

क) टोल स्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने ।

ख) टोलका युवाहरुको उद्यमशिलता क्षमताको विकास गराई आयमा बृद्धि गर्ने कार्यक्रमहरु संचालन गरी गरिबी न्यूनिकरणमा मद्दत पुऱ्याउने ।

ग) स्थानिय स्तरमा उद्यम स्थापना तथा सञ्चालनका लागि घुम्ति कोषको स्थापना तथा परिचालन गर्ने ।

घ)स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समुदायको व्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुऱ्याउने ।

ङ) संस्थाहरुलाई सहभागितात्मक योजना तर्जुमा, अनुगमन तथा मुल्याङ्कन प्रक्रियामा सक्रिय सहभागित बनाउने ।

**५. युवा टोल विकास कार्य समितिको गठन :**

युवा टोल विकास कार्य समितिको गठन देहाय बमोजिम हुनेछ :

क) नगरपालिका को निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका युवा सदस्यहरु ( १६ देखि ४० वर्ष उमेर समुहका )बाट युवा टोल विकास संस्थाको गठन गरिनेछ ।

ख) पहिलो पटकका लागि युवा टोल विकास संस्थाको व्यापक भेलाबाट अध्यक्ष, उपाध्यक्ष,कोषाध्यक्ष, सचिव र आवश्यक्ता अनुसारको सदस्यहरु रहेको एक युवा टोल विकास कार्य समिति गठन हुनेछ । दोश्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पूर्नगठन हुनेछ । टोल विकास कार्य समितिको अवधि २ वर्षको हुनेछ । एकपटक अध्यक्ष, उपाध्यक्ष र सचिव भएको व्यक्ति पुन : सोहि पदमा लगतै दुई वर्षको अवधि व्यतित नभई निर्वाचित हुने छैन । कार्य समिति कम्तिमा उल्लेख्य मात्रामा महिलाहरु हुनुपर्नेछ ।

ग) युवा टोल विकास संस्थाको गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधूरीका युवाहरुलाई समेट्नु पर्दछ । यदि सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधूरीका युवाहरु सहभागि गराई युवा टोल विकास संस्था गठन गरिनेछ ।

**६. संस्थाको कार्यहरु :**

युवा टोल विकास संस्थाको कार्यहरु देहाय बमोजिम हुनेछन् ।

१.प्रत्येक टोल स्तरमा सम्भव भएसम्म सबै घरपरिवारका युवाहरु सहभागी भएको युवा टोल विकास संस्था गठन गर्ने ।

२.संस्थाको सदस्यहरुलाई उद्यमशिलता तर्फ अग्रसर गराउन आवश्यक पहल गर्ने सोहि बमोजिमको कार्यक्रमहरु संचालन गर्ने ।

३.टोलमा आईपरेको समस्याहरु समाधान गर्न एकअर्कामा भाईचारा सम्बन्ध कायम गरी सभ्य समाजको सृजना गर्ने ।

४.उपलब्ध श्रोतको समुचित परिचालन गर्दै टोलको समग्र विकासका लागि टोल विकास योजना बनाउने ।

५.एच.आइ.भी. ⁄एड्स, अशिक्षा, अन्धविश्वास, छाउपडी प्रथा, बाल विवाह वहु विवाह जस्ता सामाजिक समस्याका वारेमा सम्पुर्ण टोल विकास संस्थाको सदस्यहरुलाई चेतना अभिबृद्धि गर्ने

६.आफ्नो टोल तथा सार्वजनिक संस्थामा बृक्षारोपण गर्ने ।

७.आफ्नो वडा तथा टोललाई वातावरण मैत्री बनाउने विविध कार्यक्रमहरु संचालन गर्ने ।

८.टोलमा बसोवास गर्ने बासिन्दाका बीचमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता लगायतका समाजिक सरोकारका विषयहरुमा विभिन्न चेतनामूलक कार्यक्रम संचालन गर्ने ।

९.वातावरणमैत्री स्थानीय शासनका सूचकहरुको टोलमा कार्यान्वयन गर्ने र नगरपालिकालाई सूचक कार्यान्वयन गर्न सहयोग गर्ने ।

१०. आफ्नो टोल वस्तीलाई नमुना वस्तीको रुपमा विकास गर्न सहयोग गर्ने ।

११. हरित नगर, उज्यालो सहर, सफा शहर र सम्पन्न तथा सम्भ शहर स्थापना अभियानमा सहयोग गर्ने
१२. आफ्नो क्षेत्रमा भवन संहिता तथा मापदण्डको कार्यान्वयनमा सहयोग गर्ने ।
१३. पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता आदी जग्गाको संरक्षणमा नगरपालिकालाई सहयोग गर्ने ।
१४.टोलमा रहेको सार्वजनिक, पर्ति, एलानी आदी जग्गाको संरक्षणमा नगरपालिकालाई सहयोग गर्ने ।
१५. संस्थाको अध्यक्ष, कोषाध्यक्ष तथा सचिवको चयन सर्वसम्मतिमा वा सो नभएमा वहुमतवाट गर्ने ।
१६. नगरपालिकाको राजस्व परिचालनमा सहयोग गर्ने ।
१७.संस्थागत विकासका लागि युवा टोल विकास संस्थासंग उद्देस्य संघ संस्था तथा सञ्जालहरुमा प्रतिनिधित्व गर्ने ।
१८. नगरपालिका संग भएको समझदारी अनुसारका अन्य कार्यहरु गर्ने ।

**७.सदस्यता :**

संस्थाको सदस्यता देहाय बमोजिम हुनेछ :

क) यस विधानको उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानिय टोलबासी युवाहरु यस संस्थाको सदस्य हुनेछ ।

ख) सदस्य बन्ने इच्छुक नयाँ युवा टोलबासीलाई संस्थाले तोकेबमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

**८.सदस्यता नरहनेः** :

देहाय अवस्थामा सदस्य रहने छैन

क) सदस्यको मृत्यु भएमा ।

ख)सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा । तर संस्थाको निर्णय उपर चित्त नबुझेमा साधारण सभामा पेश गेर्ने र साधारणसभाको निर्णय अन्तिम हुनेछ ।

ग)सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालन नगरेमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएकामा ।

घ)संस्थालाई हानी नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यबाट हटाउने निर्णय गरेमा । तर सम्बन्धित सदस्यलाई सफाई दिने अवसरबाट बञ्चित गरिने छैन । यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारण सभाको हुनेछ ।

ङ) नेपालको प्रचलित कानुको निषेध गरेको कार्य गरेमा ।

**९.संस्था गठन एवं कार्य संचालन गर्ने विधि :**

संस्थाको गठन एंव कार्य संचालन विधि देहाय बमोजिम हुनेछ :

क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरुको सर्वसम्मत निर्णयबाट टोलको क्षेत्र निर्क्यौल गरेपछि त्यस टोलभित्र बसोवास गर्ने अधिकाशं घरधूरीहरुका युवाहरुको उपस्थितिमा संस्था गठन गरिनेछ ।

ख) युवा टोल विकास संस्था गठन गर्दा उपस्थित भएको व्यक्तिहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा एक - एक जना अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष र अन्य घरधूरीका युवाहरु सदस्य हुनेछन् ।

ग) संस्थामा उल्लेख्य मात्रामा महिला सदस्य हुनेछन् ।

**१०.सस्थाको पदाधिकारीको काम, कर्तव्य र अधिकारः संस्थाको पदाधिकारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :**

**क) अध्यक्षको काम, कर्तव्य र अधिकार :**
१)संस्थाको नियमित बैठक बोलाउने ।
२)बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।
३) बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने
४)छलफल हुदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।
५) निर्णयहरु लागु गर्ने र गर्न लगाउने ।
६) सचिव र कोषाध्यक्षलाई आवश्यक अनुसार सहयोग पुर्‍याउने ।
७) संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानहरुको सुरक्षाको प्रवन्ध मिलाउने ।
८) आवश्यक कार्यमा संस्थाको प्रतिनिधित्व गर्ने वा गराउने ।
९) विशेष बैठकहरुको आवश्यक्ता परेमा सबै सदस्यहरुको सहमतिमा बैठक बोलाउने ।

**ख) संस्थाको उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**
१.अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने सवै कार्य गर्ने

**ग) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार :**
१) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।
२) अध्यक्षको अनुपस्थितीमा बैठकको अध्यक्षता गर्ने ।
३) एक तिहाई सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेमा विशेष बैठक बोलाउने ।
४) बैठक पुस्तिकामा उपस्थिती गराउने ।
५) छलफलको प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय प्रमाणित गराउने ।
६) संस्थाको क्रियाकलापका बारेमा सदस्यलाई जानकारी गराउने ।
७) तोकिएको अन्य कार्य गर्ने ।

**घ) संस्थाको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**
१) संस्थाले गरेको आर्थिक कारोबारको लेखा परिक्षण गराउने ।
२) बैकमा संयुक्त रुपमा खाता संचालन गर्ने ।
३) अन्य सदस्यहरु संग समन्वय राखी सहयोग लिने दिने ।
४) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षण गर्ने ।

**ङ)संस्थाको सदस्यहरुको काम, कर्तव्य र अधिकार** :
१)नगरपालिकासंग भएको साझेदारी पत्रमा उल्लेखित सर्त अनुसार गनुपर्ने कामहरु गर्ने ।
२)संस्थाको हिसावकिताव चेक गर्ने ।
३)संस्थाका पदाधिकारीहरुले गरेका कामको मुल्याङ्कन नियमित रुपमा गर्ने ।
४)संस्था संचालनका लागि आवश्यकता अनुसार नीति वनाउन सहयोग गर्ने ।
५)बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।

**११. साधारण सभाको गठन र कार्य प्रणाली** :
साधारण सभाको गठन र कार्य प्रणाली देहाय बमोजिम हुनेछ :
१)संस्थाको सम्पूर्ण सदस्यहरु रहेको एक साधारण-सभा हुनेछ ।
२)संस्थाको साधारण सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितीमा निजको सचिव र निजको पनि अनुपस्थितीमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ ।
३)साधारणसभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।

**१२. साधारण सभाको काम, कर्तब्य र अधिकारः**
साधारण सभाको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ

१. संस्थाको साधारण सभाको सल्लाह प्राप्त गर्न उचित देखी पेस भएका विषयमा सल्लाह दिने,
२. लेखापरीक्षक नियुक्ति गर्ने ।
३. संस्थाको लेखापरिक्षकको प्रतिवेदन पारित गर्ने ।
४. कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।
५. कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।
६. कार्य समिति सम्बन्धमा भएका उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।
७. संस्थाको विधान संशोधन गर्ने ।
८. आवश्यकता अनुसार सल्लाहको मनोनयन गर्ने ।
९. संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

**१३.आर्थिक व्यवस्था** :

१.संस्थाको देहायबमोजीम आर्थिक स्रोत हुनेछ
क.सदस्यता बाट प्राप्त सुल्क ।
ख.सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त हुने अनुदान ।
ग. संस्थाको कृयाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार ।
घ. अन्य आम्दानी ।
२. प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षण पश्चात विवरण साधारणसभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ ।
३. संस्थाको नाममा प्राप्त वा खरीद चल-अचल सम्पतिको परिचालन र प्रयोग तोकीएबमोजीम हुनेछ ।

**१४.युवा टोल विकास संस्थाको वैक खाता सञ्चालन** :

युवा टोल विकास संस्थाको आर्थिक कारोवार सञ्चालनका लागि  संस्थाको अध्यक्ष तथा कोषाध्यक्षको संयुक्त दस्तखतमा छुट्टै वैंक खाता खोलि सञ्चालन गरिनेछ ।

**१५.कार्यसमिति तथा पदाधिकारीको राजीनामा :**

१.समितिका सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन ।
२. अध्यक्षले आफ्नो राजीनामा सचिव मार्फत संस्थाको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर संस्थाले निर्णय गरे बमोजीम हुनेछ ।

**१६. कार्य समितिलाई अविस्वासको प्रस्ताव** :

कार्य समितिका अध्यक्ष एवं पदाधिकारीहरु उपर अविस्वास लागे यथोचित कारण देखाई संस्थाका ६०% सदस्यहरुले विशेष साधारणसभा राखी अविस्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविस्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसहमत लाई बढी जोड दिईनेछ ।

**१७.विविध** :

१. विधान संसोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरेपछि साधारणसभामा पेश गरिनेछ । साधारण सभामा उपस्थित सदस्यहरुको दुईतिहाई बहुमतले बिधान संशोधन हुनेछ ।
२. प्रचलित ऐन, नियमहरुसंग बुंदाहरु बाझीएका हदसम्म स्वत खारेज हुनेछ ।

अनुसूची- ३

कार्यविधिको बुँदा नं.८(२) बमोजिम

संस्था दर्ता/सूचीकृत भएको नमूना

मिति :......................

श्री .................................. युवा टोल विकास संस्था
म्याङ्लुङ नगरपालिका वडा नं. ........, तेह्रथुम ।

**विषय : युवा टोल विकास संस्था दर्ता/सूचीकृत गरिएको सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा म्याङ्लुङ नगरपालिका वडा नं. ........ मा गठन भएको .......................................... युवा टोल विकास संस्थालाई म्याङ्लुङ नगरपालिकामा दर्ता/सूचीकृत गरिएको व्यहोरा जानकारी गराईन्छ। म्याङ्लुङ नगरपालिको युवा टोल विकास संस्था सञ्चालन कार्यविधि २०७६ को अधिनमा रही कार्य सञ्चालन तथा व्यवस्थान गर्न समेत अनुरोध छ ।

.............................

नामथर :

प्रमुख प्रशासकिय अधिकृत